# शिवपुरी गाउँपालिका

## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र

| खण्डः ७ | संख्याः २६ | मितिः २०८०/१०/०३ |
| --- | --- | --- |

## भाग – २

शिवपुरी गाउँपालिकामा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि (दोस्रो संशोधन), २०८०

**प्रस्तावनाः**

स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धित कार्यविधि, २०७५ संशोधन गर्न बाञ्छनिय भएकोले शिवपुरी गाउँपालिकाको कार्यपालिकाले मिति २०८०/१०/०३ को निर्णयबाट यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नामः **"स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि (दोस्रो संशोधन), २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५** को दफा ७ को उपदफा ९ थप गरिएको छ ।

"(९) दर्ता खारेजीः उपभोक्ता समितिको कार्य समितिबाट उक्त उपभोक्ता समिति दर्ता खारेजी गर्ने निर्णय र सम्बन्धित वडा कार्यालयबाट खारेजी गरिदिन सिफारिश पत्रको आधारमा दर्ता खारेजी गरि सम्बन्धित राजश्व कार्यालयमा सो को जानकारी गराउन सक्नेछ ।"

**आज्ञाले**
**वसन्त कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**